**प्रस्ताव एवं निर्णयहरुः**

प्रस्ताव नं २०७७।०७८-१०।०१ गाउँपालिकाभित्र भवन निर्माण मापदण्ड सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०१**

प्रस्ताव नं २०७७।०७८-१०।०१ माथि छलफल गर्दा गाउँपालिकाभित्र भवन निर्माण गर्नुपुर्व नेपाल सरकारको मापदण्डका आधारमा रहेर गाउँपालिकाबाट स्विकृत कार्यविधि बमोजिम तोकिएबमोजिमको इजाजपत्र नलिइकन भवन निर्माण गर्न नदिने सम्बन्धमा सवै वडा कार्यालय तथा स्थानीय बासिन्दाहरुलाइ निर्देशन दिने भवन निर्माण इजाजतपत्र निलिइ निर्माण गरेका भवनहरुको लागी गाउँपालिका तथा वडा कार्यालयहरुबाट गर्नुपर्ने खानेपानी, विद्युत लगायतका सिफारिसहरु नगर्ने नगराउने निर्णय गरियो।

२०७७।०७८-१०।०२ ट्राफिक नियमको पालना गर्ने गराउने सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०२**

प्रस्ताव नं २०७७।०७८-१०।०२ माथि छलफल गर्दा ट्राफिक नियमहरुको पालना नगरेको कारण गाउँपालिकाभित्र सवारी दुर्घटनाहुने गरेको पाइएकोले गाउँपालिकाभित्र सञ्चालनहुने सवारी साधन चालकहरुलाइ ट्राफिक नियम पालना गर्न गराउनका लागी भिरचोक प्रहरी चौकी, देउराली प्रहरी चौकी र तालबेसी प्रहरी चौकीलाइ परिचालन गर्ने।

२०७७।०७८-१०।०३ भूमी सम्बन्धी समस्या समाधानमा सुरक्षाकर्मी परिचालन सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०३**

प्रस्ताव नं २०७७।०७८-१०।०३ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्की र नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोगविच भएको सम्झौता अनुसार आवश्यक कर्मचारी खटाइ तोकिएको कार्यसम्पादन गर्न गराउने तथा सो कार्यको लागी आवश्यक परेमा सुरक्षा निकायहरुलाइ समेत परिचालन गर्न सकिने गरी आवश्यक निर्णय गर्न गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षज्यूलाइ अधिकार प्रत्यायोजन गर्ने।

२०७७।०७८-१०।०४ प्रदेश समपुरक अनुदान बापतको रकम सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०४**

प्रस्ताव नं २०७७।०७८-१०।०४ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट वडा नं ४, ५ र ७ वडा कार्यालय जोड्ने सडक निर्माणको लागी समपुरक अनुदान बापत रु १ करोड स्विकृत भइ प्रथम किस्ता बापत रु ५० लाख निकासा भएको जानकारी कार्यालयबाट प्राप्त भएकोमा प्राप्त रकमलाइ आर्थिक बर्ष २०७७।०७८ को बार्षिक आयमा समाबेश गरी अनुमोदनको लागी आगामी गाउँसभामा पेश गर्ने।

२०७७।०७८-१०।०५ वडा नं २ को कार्यालय भवन निर्माणको लागी जग्गा प्राप्ति गर्ने सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०५**

प्रस्ताव नं २०७७।०७८-१०।०५ माथि छलफल गर्दा रुपा गाउँपालिका वडा नं २ को वडा कार्यालय भवन निर्माणको लागी रुपा गाउँपालिका कास्की वडा नं २ स्थायी बासिन्दा श्री श्याननानी ढुङ्गानाको कित्ता नं ९२५ क्षेत्रफल १ रोपनी १५ आना मध्येबाट आवश्यक जग्गा प्राप्ति गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

२०७७।०७८-१०।०६ अस्पताल निर्माणको लागी जग्गा प्राप्ति गर्ने सम्बन्धमा।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१०।०६**

प्रस्ताव नं २०७७।०७८-१०।०६ माथि छलफल गर्दा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नीति तथा योजना शाखाको मिति २०७७।८।५ चलानी नं ३१२ को पत्रानुसार रुपा गाउँपालिका कास्कीमा १५ शैयाको अस्पताल निर्माणको लागी बजेट तथा कार्यक्रम स्विकृत भएकोले रूपा गाउँपालिका वडा नं ६ मा रहेको रूपाकोट स्वास्थ्य चौकीलाइ स्तरोन्नती गरी अस्पताल निर्माण कार्य अगाडी बढाउने र अस्पताल भवन निर्माणको लागी आवश्यक पर्ने जग्गाको लागी तपसिल बमोजिमका कित्ताहरुबाट प्राप्ति गर्न जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया अगाढी बढाउनेः

तपसिलः

क) कित्ता नं २
ख) कित्ता नं ३
ग) कित्ता नं ४
घ) कित्ता नं ५
ङ) कित्ता नं ६
च) कित्ता नं ७
छ) कित्ता नं ८
ज) कित्ता नं ९
झ) कित्ता नं १०
ञ) कित्ता नं ११
ट) कित्ता नं १२

मिति २०७७ साल मंसिर १५ गते सोमवार बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लेखित निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मितिः २०७७।०८।१६ गते मंगलबार

रुपा गाउँपालिका कास्की